सम्पादकीय

कहाँ पुग्यो मल कारखाना खोल्ने योजना ?

लुम्बिनी प्रदेश सरकारले आज सोमबार प्रदेशको नीति तथा कार्यक्रम प्रदेश सभामा प्रस्तुत गर्दैछ। यस पटकको नीति तथा कार्यक्रममा पनि प्रदेश सरकारले आश्वासनका पुलिन्दाले भरिएको नीति तथा कार्यक्रम घोषणा गर्ने कुरामा सन्देह छैन। किनभने हरेक वर्ष प्रदेश सरकारले यसैगरी नीति तथा कार्यक्रम सार्वजनिक गर्दै आएको छ। कार्यान्वयनमा आउनेदेखि जनतालाई आश्वासनका लालपप दिनेखाले नीति तथा कार्यक्रम सरकारको विशेषता नै बन्दै आएको छ। यद्यपि यो रोग प्रदेशदेखि संघीय सरकार र अरू प्रदेशसम्म फैलिएको छ। त्यसमध्ये लुम्बिनी प्रदेशमा हरेक वर्षको नीति तथा कार्यक्रममा पर्दै आएको मल कारखानाको विषय यो वर्षपनि प्राथमिकतामै पर्ने प्रदेशका मन्त्रीहरूले भन्दै आएका छन। लुम्बिनी प्रदेशका संस्थागत मूख्य मन्त्री शंकर पोखरेलको पालादेखिको नीति तथा कार्यक्रममा लुम्बिनी प्रदेशमा मल कारखाना खोल्ने कुरा पर्दै आएको छ तर प्रदेशमा ६ वटा मूख्यमन्त्री फेरिए। मल कारखानाको कुरा केवल आश्वासनमै सीमित बनेको छ। उता प्रदेशदेखि संघीय निर्वाचनमा दलहरूको प्रतिबद्धता आउँछ- मल कारखाना खोल्ने कुरा। दलहरूको घोषणापत्रमै यो विषयलाई प्रमुख प्राथमिकतामा राखिन्छ- मल कारखाना स्थापना गर्ने। जब चुनाव सकिन्छ दलहरूको प्रतिबद्धताबाट यो विषय बिस्मित हुन्छ। धेरै भयो नेपाल सरकारले मुलुकमै रासायनिक मल कारखाना स्थापनाका लागि गृहकार्य थालेको। बर्षौदेखिको यो प्रयासले यसपटक सार्थकता नपाउने देखिन्छ। प्रधानमन्त्री केपी शर्मा ओलीले यसपटक पनि मल कारखानाको विषय उठाउनु भएको छ तर मल कारखाना खोल्ने विषयमा ध्यान पुऱ्यैन। किन ? त्यसको पछि दूलै विचौलियाको हात हुन सक्छ। नेपालमै मल उत्पादन भयो भने विदेशबाट मल आयात गर्दा कमिसन खान पल्किएकाहरूको रोजीरोटीमाथि होइन, त्यसको आडमा नेताहरूको रजाई समेत गुम्ने खतरा उत्तिकै छ। त्यसकारण मल कारखानाको विषय संघीय र प्रदेश सरकारको नीति तथा कार्यक्रममा पर्ने मात्रै हो। मल कारखाना पनि बार्षिक क्यालेण्डर जस्तै बनेको छ। हरेक वर्ष नीति तथा कार्यक्रम बन्दा यसको पर्दा उघारिन्छ अनि बन्द गरिन्छ।

हामी सबैलाई थाहा भएको विषय हो- नेपाल कृषिप्रधान मुलुक हो। बहोंका ८० प्रतिशत नागरिक कृषिमा निर्भर छन। तर हरेक वर्ष किसानले मलको अभावमा उत्पादन कटौतीमा चित्त बुझाउनु परिरहेको छ। समयमै मलको सहज आपूर्ति नहुँदा धेरै किसानले गरेको मेहनत खेर जाने गरेको छ। अब फेरी किसानहरूले बर्षे खेतीको तयारी गर्ने बेला भैसकेको छ। हरेक वर्ष जस्तै गत वर्ष पनि किसानले मलको अभावको सामना गर्नुपर्ने निश्चित छ। सरकारले मल कारखाना त खोलेन, किसानलाई आवश्यक मल समेत बेलैमा दिन सक्दैन। नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रले एकतिहाई योगदान पुऱ्याएको छ। मुलुकको झन्डै दुईतिहाइ श्रमशक्ति पनि कृषिमै निर्भर छन्। यसैले नेपाली अर्थतन्त्रको आधार भनेकै कृषि हो। तर, नेपाल अझै पनि परम्परागत कृषिमै निर्भर छ र यसको वैज्ञानिकीकरण अहिलेसम्म नाममा मात्र सीमित रहेको कटु यथार्थ हो। कृषिलाई आधुनिकीकरण वा वैज्ञानिकीकरण गर्न राज्यको प्रवर्द्धनात्मक नीतिसँगै यस क्षेत्रतर्फ लगानी पनि उत्तिकै जरुरी छ। तसर्थ लुम्बिनी प्रदेश सरकारले मात्रै होइन, संघीय सरकारले समेत मल कारखाना स्थापनाका लागि धेरै पहिलेदेखि भन्दै आएको कुरा अब साँच्ची व्यवहारमै देखियोस्। लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रममा मल कारखानाको कुरालै विस्तृतता पाउनेमात्रै होइन, कार्यान्वयनमा देखिने वातावरण बनोस्। नीति तथा कार्यक्रममा आउने तर कनेटमा नपर्ने अवस्था कम्तिमा यसपटक अन्त्य होस्।

गभर्नर नियुक्तिमा अलमल

सुरज थिमिरे

मौद्रिक क्षेत्रको बागडोर सम्हालेको हुन्छ केन्द्रीय बैंकले। बैंकिंग क्षेत्रको स्थायित्वमा पनि यसको महत्वपूर्ण भूमिका रहन्छ। साथै बैंकहरूको बैंक र सरकारको बैंकको रूपमा काम गर्दै मुद्राको पूर्तिमाथिको नियन्त्रणद्वारा मुद्रास्फीति र मुद्राविस्फीति नियन्त्रण गर्दै मूल्य स्थिरता कायम गर्ने दायित्व पनि केन्द्रीय बैंकले नै निर्वाह गर्दछ। यतिमात्र नभएर सार्वजनिक बजेटले राखेका उद्देश्य प्राप्तिका निम्तिसमेत केन्द्रीय बैंक लागि पर्दछ। अर्को महत्वपूर्ण पक्ष भनेको केन्द्रीय बैंक स्वायत्त हुने भएकाले यसको नेतृत्व गर्ने गभर्नर पद, निकै महत्वपूर्ण मानिन्छ। त्यसैले गर्भनरको नियुक्ति अति सम्वेदनशील विषय हुन्छ। देशको केन्द्रीय बैंक नेपाल राष्ट्र बैंकमा गत चैत्र २४ गतेदेखि गभर्नरको पद रिक्त अवस्थामा छ। डेपुटी गभर्नरले कामु गर्भनरको रूपमा देशको केन्द्रीय बैंक चलाएको पनि एक महिनाभन्दा बढि भइसक्यो। अझैसम्म सरकारले नयाँ गभर्नर नियुक्त गर्न सकेको छैन। नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा २५ अनुसार गभर्नरको पद रिक्त हुनु एक महिनाअघि नै नयाँ गभर्नर नियुक्ति गरी सार्वजनिक सूचनामार्फत् जानकारी गराउनुपर्ने व्यवस्था छ। तर, कानुनमा लेखिएका कुराहरूको समले वेवास्ता गर्दै राजनीतिक रिसाततानी र भागबण्डामा रुमलिएको हुँदा गभर्नर नियुक्ति प्रक्रिया अगाडि बढ्न सकेको छैन।

गभर्नर नियुक्त गर्नका निम्ति अर्थमन्त्री विष्णु पौडेलको संयोजकत्वमा ३ सदस्यीय सिफारिस समिति गठन नभएको पनि होइन, तर, समितिका सदस्यहरूमध्ये पूर्वगभर्नर विजयनाथ भट्टराईले समितिबाट राजिनामा दिइसकेका छन्। उनको ठाउँमा निवर्तमान गभर्नर महाप्रसाद अधिकारीलाई नियुक्त गरिएको छ। भखरै मात्र अर्थविद् डा. विश्वनाथ पौडेल आफै गभर्नर बनेर ठाउमा सिफारिस समितिबाट राजिनामा दिइसकेका छन्। गभर्नर नियुक्तिको विषय भन्नुभन् पेचिली बन्दै गएको छ। गभर्नर नियुक्तिमा राजनीतिक हस्तक्षेपले पराकाष्ठा नाघेको देखिन्छ। यहाँसम्म कि अर्थ मन्त्रालयमातहतका सार्वजनिक निकायमा पदाधिकारी तथा सदस्य नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड संशोधन गरी ६५ वर्षे उमेरहदसम्बन्धी व्यवस्था हटाइयो। यस्तो मापदण्डकाविरुद्ध सर्वोच्चमा रिटसमेत परयो। कायमभुकायम गभर्नरले डा. गुणाखर भट्टको राजिनामा स्विकृत नगर्दा उनको गभर्नर बन्ने सम्भावना न्यून रहयो। त्यसैगरी सिफारिस समितिबाट पूर्वगभर्नर विजयनाथ भट्टाईले राजीनामा दिए। पुनः सिफारिस समितिका सदस्य पद डा. विश्वनाथ पौडेलले समितिबाट राजीनामा दिई गभर्नर बन्ने दौडमा रहेको भन्ने खबरले गभर्नरको नियुक्ति प्रक्रियाले नराम्रो नजिर स्थापना गर्दै छ। देशको स्वायत्त निकायमा बढ्दो राजनीतिक हस्तक्षेपले विश्व मानचित्रमा नेपाली राजनीतिको धरातल प्रष्ट पारेको छ।

ऐनमा कस्तो छ व्यवस्था?

नेपाल राष्ट्र बैंक ऐन २०५८ अनुसार गभर्नर नियुक्त गर्न बनेको समितिले गभर्नरको नियुक्तिका लागि सिफारिस गर्दा आर्थिक, मौद्रिक, बैंकिङ, वित्तीय, वाणिज्य, व्यवस्थापन तथा वाणिज्य कानुन क्षेत्रको लब्धप्रतिष्ठित व्यक्तिहरू तथा डेपुटी गभर्नरमध्येबाट तीनजनाको नामावली मन्त्रिपरिषदमा सिफारिस गर्ने कानुनी व्यवस्था छ। त्यसैगरी राष्ट्र बैंक गभर्नर पदमा नियुक्त हुन नेपालको नागरिक भएको, उच्च नैतिक चरित्र भएको व्यक्ति हुनुका अतिरिक्त आर्थिक, मौद्रिक, बैंकिङ, वित्तीय, वाणिज्य, व्यवस्थापन, जनप्रशासन, तथ्यांक शास्त्र, गणित वा कानुन विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी आर्थिक, मौद्रिक, बैंकिङ, वित्तीय वा वाणिज्य कानुनका क्षेत्रमा कार्य अनुभव हासिल गरेको हुनुपर्ने ऐनमा उल्लेख छ।

ऐनले गभर्नर तथा सञ्चालकबारे व्याख्या गर्दै उल्लेख गरेको छ, "'कार्य अनुभव भन्नाले नेपाल सरकार वा बैंकको विशिष्ट श्रेणीको पद वा विश्वविद्यालयको प्राध्यापक वा 'क' श्रेणीको वाणिज्य बैंक वा वित्तीय संस्थाको कार्यकारी प्रमुख वा अन्तर्राष्ट्रिय संघसंस्थाको कार्यकारी तहको पद वा सोसरह पद वा मर्यादाक्रम हिसाबले सो पदभन्दा उच्च पदमा कार्य गरेको कार्य अनुभव सम्भनुपर्छ।" राष्ट्र बैंक ऐनमा कुनै राजनीतिक दलको सदस्य वा पदाधिकारी रहेको व्यक्ति गभर्नर वा सञ्चालकका लागि अयोग्य हुने व्यवस्था गरेको छ।

केन्द्रीय बैंकका लागि चुनौति

देशको सुशासनको अवस्था कमजोर बन्दै गएको हुँदा मुलुक पे ल्टिएमा परेको छ। त्यसैगरी नेपाल सम्पत्ति शुद्धीकरण मामिलामा निगरानी राख्ने अन्तर्राष्ट्रिय संस्था फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) का अनुसार नेपालमा एन्टी मनी लाउन्डरिङ (एएमएल) र काउन्टर-टेररिजम फाइनान्सिङ (सीएफटी) मापदण्डमा कमजोरी रहेको उल्लेख गरिएको छ। यस्तो परिस्थितिलाई नयाँ गभर्नरले एन्टी मनी लाउन्डरिङ र काउन्टर-टेररिजम फाइनान्सिङलाई कडाइ गरेर भए पनि देशको शाख बचाउनुपर्ने चुनौति रहेको छ।

वर्तिबेला बैंक तथा वित्तीय संस्थाहरूमा करिब ८ खर्बभन्दा बढी रकम अधिक तरलतामा रूपमा वत्तिकै रहनुले अर्थन्त्रलाई गति दिन सकेको छैन। यसले बैंकको लागत बढाइरहेको छ। यही कारणले बैंक तथा वित्तीय संस्थाहरूको निक्षेपको ब्याजदर घटाउँदै लगेको छ। यसले पूँजी पलायनको खतरा बढाउँदै लगेको छ। पूराना ऋणहरू उठ्न नसकी खराब कर्जा क्रमशः बढ्दै जाने र नयाँ लगानी पनि बढ्न नसक्दा कुल कर्जामा खराब कर्जाको अनुपात बढ्दै गएको छ। गुणात्मक कर्जा वृद्धि, बचतमा न्यायोचित ब्याजदर तथा मुद्रास्फीति नियन्त्रणजस्ता महत्वपूर्ण विषयहरू केन्द्रीय बैंकको प्राथमिकतामा पर्नुपर्ने हो। यसका लागि नयाँ गभर्नर नियुक्त हुनसके नयाँ मौद्रिक नीतिमार्फत् त्यस्ता विषयहरू सम्बोधन हुन सक्दथयो। अहिले मौद्रिक नीतिको तेस्रो त्रैमासको समीक्षा गर्नुपर्ने बेला आएको छ। यस्तो अवस्थामा केन्द्रीय बैंक नेतृत्वविहीन हुनुले थप चुनौति सृजना गरेको छ।

पछिल्लो समयमा बैंक तथा वित्तीय क्षेत्रमा ठूल जनशक्तिको अभाव, उच्च प्रतिष्ठाँ बढ्दो प्रविधिको प्रयोगले निम्त्याएको जोखिम तथा बढ्दो वित्तीय अपराधजस्ता चुनौतिहरू देखा परेका छन्। यसको समाधानका लागि नयाँ गभर्नरले नयाँ दर्ड गले मौद्रिक नीति निर्माण गर्नुपर्ने देखिन्छ। अहिलेको नेपालको बैंकिंग, मौद्रिक र समग्र अर्थतन्त्रको अवस्था हेर्ने हो भने बैंकिंग र मुद्रा बजारबारे राम्रो ज्ञान र अनुभव हासिल गरेको व्यक्तिको प्रतीक्षा गरिरहेको देखिन्छ। वास्तवमा अहिलेको समयसन्दर्भमा सरकारसँग टक्कर लिन्भेन्दा पनि समन्वय गरी अगाडि बढ्ने खालको गर्भर आवश्यकता छ।

अबको बाटो

देशको मौद्रिक निकायलाई राजनीतिक स्वार्थका नाममा नेतृत्वविहीन बनाइरहने सरकारका ढूला दलहरूले बेलैमा सोच्नुपर्ने बेला आएको छ। आम नेपालीले गभर्नर नियुक्तिको विवादलाई स्पष्टसँग हेरिरहेका छन्। गभर्नर सिफारिस समितिमा आफ्ने दलका मान्छे नियुक्त गर्ने, गभर्नर नियुक्त गर्न डेपुटी गर्नभरको राजिनामा स्विकृत गराउन स्वयम् प्रधानमन्त्रीले नै कामु गभर्नरलाई दबाव दिने, समितिले स्वयत्तकपमा काम गर्न नपाएको भन्दै सदस्यले राजिनामा दिनुपर्ने, फेरि समितिके मान्छेलाई गभर्नर बनाउने प्रपन्च चालनी गर्ने, यहाँसम्म कि आफूले चाहेको व्यक्तिलाई गभर्नरमा नियुक्त गर्न उमेर हदसमेत बढाउन उहत राजनैतिक संस्कार अत्यन्त्य घृणित छ। अर्थतन्त्रको सुधारका निम्ति राजनीतिले सही दिशा लिन नसक्दा समभावना हुँदाहुँदै पनि देश पछाडि परिरहेको स्पष्ट छ। बेलैमा साँच्चिनुपर्ने र देशको हितका निम्ति राजनैतिक स्वार्थलाई तिलान्जली दिनसक्ने नेतृत्व आम जनताले रोज्ने भएकाले सत्तासिन दलहरू समयमै साँच्चिनु आवश्यक छ। अतः राजनैतिक स्वार्थ छोडी चाडोभन्दा चाडो गभर्नर नियुक्त गरेर केन्द्रीय बैंकलाई सही नेतृत्व दिन राजनैतिक दल एक हुनु आवश्यक छ।

इलेक्ट्रिकल सवारी साधन तालिम शुभारम्भ

बुटवल (बुटवल टुडे), ४ जेठ- रूपन्देही उद्योग संघ र इन्स्योर पसिवेजनको सहकार्यमा अटोमोवाईस्स तालिम सुरुवात गरेको छ।

सीप विकास इकाईको सहयोग र बुटवल अटो इन्जिनियरिङ एसोसिएसन रूपन्देही लुम्बिनीको व्यवस्थापनमा अटोमोबाइल सम्बन्धी उद्योगमा कार्यरत पेशाकर्मीको सीप अभिवृद्धिको लागि तालिमको दोस्रो चरण शुभारम्भ गरिएको हो। गत वैशाख १५ गतेदेखि जेठ ३१ गतेसम्म सञ्चालन भएको १६ दिने (९६ घन्टे) निःशुल्क सम्पन्न गर्दै दोस्रो चरणको तालिम शुभारम्भ गरिएको हो।

रूपन्देही उद्योग संघका वरिष्ठ उपाध्यक्ष कृष्ण प्रसाद प्याजुलीले क्षमता विकासमा आधारित तालिमबाट प्राविधिक दक्षता अभिवृद्धि गरी औद्योगिक व्यवसायको क्षेत्र फराकिलो बनाउने बताए। रोजगारीको अवसर सिर्जनागर्न यस्ता तालिमले सहयोग पुर्याउने आशा रहदै सीपयुक्त जनशक्तिको उत्पादन गर्न रूपन्देही उद्योग संघले विभिन्न तालिम प्रदायक संस्थासँग सहकार्य गरेर विभिन्न विषयमा तालिमको आयोजनगर्दै आएको बताए।

बुटवल उपमहानगरपालिका वडा नम्बर २ का वडा अध्यक्ष सुमित शाक्यले इलेक्ट्रिकल भेहकल मर्मत तालिम केवल व्यक्तिगत शिप विकासका लागि मात्र नभई राष्ट्रिय विकास र वातावरण संरक्षणका लागि अपरिहार्य भएको बताए।

बुटवल अटो इन्जिनियरिङ एसोसिएसन रूपन्देही लुम्बिनीका अध्यक्ष प्रेम गौचनले प्रशिक्षार्थीलाई समय सापेक्ष व्यवसायिक र अत्यन्त आवश्यक विषयमा तालिम लिने अवसर मिलेकोले अवसरको सदुपयोग गर्न आग्रह गर्नुहुँदै नेपालमा हमीको प्रयोग बढ्दै गएकाले दक्षजनशक्तिको माग बढ्दो भएकोले तालिमबाट रोजगारी सृजना हुने बताएका थिए।

बुटवल अटो इन्जिनियरिङ एसोसिएसन रूपन्देही लुम्बिनीका संस्थापक अध्यक्ष तथा संरक्षण सल्लाहकार खड्ग बहादुर गौतमले विनीतरूमा प्रयोग हुने मटर, ब्याट्री, पावर कन्ट्रोल युनिट, चार्जिङ सिस्टम जस्ता उपकरणहरू परम्परागत गाडीभन्दा फरक भएको र यस्ता जटिल प्रविधिहरूको तालिम सञ्चालन गर्ने आयोजकलाई धन्यवाद दिएका थिए।

तालिममा प्रमुख प्रशिक्षकको रूपमा रहेका ई.स्नदीप लेम्छनले सहभागिहरूलाई हमीको आधारभूत संरचना र कार्यविधि, ब्याट्री प्रविधि र मर्मत, इलेक्ट्रिक मोटरहरू र तिनको मर्मत, पावर इलेक्ट्रोनिक्स र कन्ट्रोल सिस्टम, सुरक्षा नियमहरू र सावधानी, प्रायोगिक अभ्यास, सेडन मर्मत र समस्या समाधान, चार्जिङ प्रणाली र चार्जरहरू विषयमा आधारित रहेको तालिममा प्रशिक्षार्थीहरूले देखाएको चासो जिज्ञासा र सहभागिता प्रेरणादायी रहेको बताए।

प्रशिक्षार्थीको तर्फबाट आफ्नो भनाइ राख्न हुँदै संस्थाका निवर्तमान अध्यक्ष तुलसीराम न्यौपाने, संस्थाका उद्योग उपाध्यक्ष तथा प्रविधि तालिम विभाग प्रमुख ध्रुवराज भुसाल, संस्थाका महासचिव पुनीत पोखेल लगायतले बोलेका थिए। कार्यक्रममा १७ उद्योगबाट सहभागी २० जना प्रशिक्षार्थीलाई प्रमाणपत्र वितरण गरिएको बिचो भने अर्को तालिमको लागि १५ उद्योगबाट २० जना प्रशिक्षार्थीको सहभागिता रहेको छ।

बुटवल डोजाङ च्याम्पियन

बुटवल (बुटवल टुडे) ४ जेठ - तेक्वान्डो खेल र खेलाडीलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ बुटवलमा सम्पन्न तेस्रो जिल्लास्तरीय मेयर कप खुला तेक्वान्डो च्याम्पियनसिप २०८२ को उपाधि बुटवल बुटवल डोजाङले चुमेको छ।

बुटवल उपमहानगरपालिकाको सहयोगमा बुटवल तेक्वान्डो डोजाङको आयोजनामा शनिबार भएको प्रतियोगितामा कुल १६ स्वर्णसहित बुटवल च्याम्पियन बनेको हो। प्रतियोगितामा ३ स्वर्ण र ८ रजत पदकसहित त्रिभुवन स्कुल दोस्रो तथा ३ स्वर्ण र २ रजत पदकसहित गार्गी एकेडेमी तेस्रो भएको छ।

प्रतियोगिताको एक समारोहका बिच बुटवल उपमहानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेबले उद्घाटन गर्दै खेल विकास र पूर्वाधारमा नगरको योजनाबारे प्रकाश पारे। कार्यक्रममा रूपन्देही जिल्ला खेलकुद विकास समितिका कार्यवाहक सचिव चन्द्रकान्त आचार्यले मार्शल आर्टको उत्कृष्ट विधाका रूपमा मानिएको तेक्वान्डो खेल भएको बताए। कुनै बेला बुटवल यो खेलको उर्वभुमिकाका रूपमा रहेको स्मरण गर्दै आगामी दिनमा यो पहिचानलाई स्थापित गर्ने गरि लाग जरुरी रहेको बताए।

कार्यक्रममा डोजाङका अध्यक्ष मदन थापा मगरले खेल गतिविधिमार्फत प्रतिस्पर्धा गराउदै खेलाडीमा आत्मबल बढाउने सकिने बताए।

विगतबाट नै यो प्रतियोगिता एउटा महत्वपूर्ण पर्वका रूपमा हुदै आएको उनले बताए।

कार्यक्रममा रूपन्देही जिल्ला तेक्वाण्डो संघका सचिव राकेश यादव, अनपुर्णा कलेजका प्राचार्य मित्रहरि आचार्यले मार्शल आर्ट खेल सबैका लागि उपयोगी र महत्वपूर्ण खेल भाएको बताउदै यसलाई अभियाँर्ड बनाइनुपर्ने बताए। प्रतियोगितामा छात्रतर्फ १८ केजीबाट ६३ केजी तौल समूह तथा छात्रातर्फ २० केजीबाट ५२ केजि तौल समूहमा २५ स्वर्णका लागि प्रतिस्पर्धा गरेका थिए। यसैगरि पूमेसा भने १२ वटा सिगल बाटा रहेको छन। प्रतियोगितामा २३ विभिन्न डोजाङ टिमका २५० बढि खेलाडीहरू सहभागी रहेका थिए।

'कानूनलाई'...

मुख्यमन्त्रीले भने, "राजधानी आएर यहाँका जनतालै सजाय पाए भन्ने भनाइ सस्तो लोकप्रियताको लागि हो। देउखुरीमा राजधानी सजिलै आएको होइन, प्रदेशको आवश्यकता अनुसार आएको हो। स्थानीय र प्रदेश सरकारबीच समन्वय हुनुपर्नेमा उल्टो कुरा गर्नु अनुचित हो।" विवादको मूल जड ३५ सैयाको अस्पताल उद्घाटनका र रोका जगा फुकुवा सन्दर्भमा रहेको बताइन्छ।

राजधानी व्यवस्थापन र स्थानीय सहकार्यको विषयलाई लिएर राजनीतिक दलहरूबीचको सम्बन्ध जटिल बन्दै गएको यो घटनाले देउखुरीको भविष्य र राजधानी स्थायित्वमै प्रश्न खड़ा गरेको देखिन्छ। प्रदेशको राजधानी देउखुरी क्षेत्रमा राप्तीसहित गढवा गाउँपालिका र अर्घाखाँचीको शितगंगा नगरपालिकाको केही वडा राखिएपनि अहिले सरकारका कसैब सबै संरचना राप्ती गाउँपालिकामै रहेका छन्। राप्ती गाउँपालिका, गढवा गाउँपालिका वडा नम्बर १, २ र ३, अर्घाखाँचीको शितगंगा नगरपालिका वडा नम्बर ८ र ९ लाई राजधानीमा समेटिए पनि अहिलेका अधिकांश संरचना राप्तीमै छन्।

छानविन...

भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलसम्बन्धी अध्ययन उपसमिति संयोजकमा पूर्वमन्त्रीकृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराई रहेपछि राख्या सांसद मनीष भाले प्रश्न उठाएका थिए। सांसद भाले समितिको बैठकमा पूर्वपर्यटन मन्त्री रहेका भट्टाईले उपसमितिको नेतृत्व गर्दा प्रतिवेदनमाथि प्रश्न उठ्न सक्ने बताएका थिए। त्यसपछि भट्टाईले मन्त्री भइसकेको व्यक्ति उपसमितिको संयोजक बस्नु हुँदैन भनेर प्रश्न उठेकाले समितिमा नरहने जानकारी गराएका थिए। उपसमितिले नयौं संयोजक चयन गर्न बैठकमा एमाले सांसद भट्टाई र राख्या सांसद भा भने अनुपस्थित थिए।

गुल्मीदरबारमा...

उनले खोप सुनिश्चितता र विपोषणको कारण खोपबाट बचाउन सकिने सबै रोगहरू नियन्त्रण भएको जानकारी दिएका छन।

गुल्मीदरबार गाउँपालिकाले पालिकालाई पूर्ण संस्थागत प्रस्तुती सेवायुक्त स्थायीय तह तथा जिल्ला पोषणा मापदण्ड, पूर्ण पोषणमैत्री स्वास्थ्य संस्था पोषणा मापदण्ड र राष्ट्रिय पूर्णखोप निर्देशिका कार्यान्वयन सबै आवश्यक मापदण्डहरू पूरा गरिसकेको थियो। सोही मापदण्ड अनुसार गाउँपालिकालाई क्रमशः पूर्ण संस्थागत प्रस्तुती सेवायुक्त, पूर्ण पोषणमैत्री स्वास्थ्य संस्था सुनिश्चित र पूर्ण खोप सुनिश्चित गाउँपालिका पोषणा गरिएको स्वास्थ्य शाखा प्रमुख नारायणप्रसाद अर्यालले बताए।

लुम्बिनी प्रदेशका १०९ स्थानीय तहमध्ये उक्त मापदण्ड पुरा गर्ने गुल्मीदरबार २१ औं स्थानमा पर्दछ। पालिकाको अथक प्रयासपछि २०८० जेठ ९ गते गुल्मीदरबार गाउँपालिकालाई नेपालके पहिलो पूर्ण पोषणमैत्री स्वास्थ्य संस्थायुक्त गाउँपालिका पोषणा गरिसकिएको थियो।

गाउँपालिका उपाध्यक्ष तारा थापा हेगाले विगत ५ वर्षदेखि गुल्मीदरबारमा कुनै पनि महिलाहरू परमा सुत्केरी नभएको बताईन। उनले त्यसका लागि 'उपाध्यक्ष कोशेली, बाबालाई चिठी, गर्भवती भगडा' लगायतका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भइरहेको जानकारी गराएकी छन्। त्यसका अतिरिक्त पालिकाले वर्धित सेन्टरमा सुत्केरी हुनेलाई बातयात खर्च, न्यायो भोला उपलब्ध गराउँदै आएको छ।

कार्यक्रमका जिल्ला समन्वय समितिका प्रमुख दोण बहादुर खत्रीले गुल्मीदरजार गाउँपालिकाले स्वास्थ्यको क्षेत्रमा गौरव गर्ने कार्य गरेको बताए। उनले शिक्षा, स्वास्थ्य र पोषणमा राम्रो गर्न सकिएन भने मानव विकास हुन नसक्ने बताए।

सोही कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत भेषराज थिमिरेले पोषण, पूर्ण संस्थागत प्रस्तुती तथा पूर्ण खोप पोषणा कार्यक्रमको लागि गाउँपालिकाद्वारा भएगेका क्रियाकलापहरूको विषयमा सहभागीहरूलाई जानकारी गराएका थिए। पोषणा कार्यक्रमा विभिन्न सन्देश मूलक प्लेकार्ड सहित प्रभातफेरी समेत गरिएको थियो।

बिमालेख हराएको सूचना

मेरो निम्न व्यहोरा भएको सूर्यज्योती लाइफ इन्स्योरेन्स क. लि. द्वारा जारी भएको बिमालेख मिति २०८१ वैशाख ०५ गते हस्पिटललाईन देखि गोलपार्क तर्फ जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय, इन्स्योरेन्स कम्पनीको कार्यालय वा निम्न ठेगानामा बुझाई सहयोग गरिदिनुहुन अनुरोध गर्दछु।

नाम: दिपकला पौडेल
बिमालेख नं.: ७७०७०२७१२
ठेगाना: बुटवल-३, रूपन्देही
सम्पर्क नं.: ९८४७०७६००७

गोलिया काठ लिलाम बिक्री सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८२।०१।०५

यस सामुदायिक वन उपभोक्ता समुहको स्वीकृत कार्ययोजना अनुसार आ.व ०८१/०८२ मा सामुदायिक वन क्षेत्रभित्र पुनस्थापित कटान तथा अभिरेखामा परेका सखहर कटान मुछान भइ पाटगढी भएका असना समेत विभिन्न जातका गोलिया थान १५३ थानको हुने २५७.६१ क्यू कि समूह वाहिर विक्रीको लागी डि.व.का. को लिलाम बिक्री सहमति बमोजिम उक्त गोलिया काठहरु के जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लीजाने गरि गोप्य सिलबन्दी बोलपत्र प्रकृयाबाट निलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक योग्य संस्था वा उद्योग वा फर्मले सुचना प्रकाशित भएको मितिदेखि २१ औं दिनभित्र कार्यालय समयमा खरीद गरि २२ औं दिन २:०० बजे सम्म दाखिला गर्न हुन यो सुचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागी यस समूहको कार्यालय तथा जिल्लास्थित अन्य कार्यालयमा टाँस भएको सुचना हेर्नुहुन अनुरोध छ।

श्री विशासय सामुदायिक वन उपभोक्ता समुह
सुनवाल न.पा. ६, नवलपरासी (ब.सु.प.)

अनुसुचि १५
(दफा ३३ को उपदफा (१) संग सम्बन्धित)

काठ/दाउराको बोलपत्रद्वारा लिलाम बिक्रिको सुचना

प्रथम पटक सुचना प्रकाशित मितिः २०८२/०२/०५

श्री मुना सामुदायिक वन उपभोक्ता समूह वाणगंगा नगरपालिका २, गल्दैया, कपिलवस्तुको वन क्षेत्रबाट आ. व. २०८१/०८२ मा उत्पादन भई घाटगढी भएको साल जातको गोलिया ४८० थान को २५०१.२३ क्यू.फिट.काठ र असना, कुसुम, बाँभो लगायत अन्य जातको गोलिया ५७ थान को ३५४.७४ क्यू. फिट. गरी जम्मा २८६३.९७ काठ र साल जातको दाउरा ६ चट्टा र अन्य जातको २ चट्टा गरी ८ चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरीएको छ। डिभिजन वन कार्यालयमा सुचिकृत भएका इच्छुक वन पैदावारमा आधारित उद्योगले यो प्रथम पटक सुचना प्रकाशित गरेको मितिले २१ दिन सम्ममा सिलवन्दि बोलपत्र खरिद गरी २२ दिनको १२ बजे सम्मा गोप्य सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिन्छ। पूर्ण व्यहोरको सुचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सुचना पार्टिमा टाँस गरिएको छ।

सम्पर्क नं.९७६८२८४०५५

मुना सामुदायिक वन उपभोक्ता समूह
वाणगंगा न. पा. ०२, गल्दैया, कपिलवस्तु ।

कपिलवस्तु जिल्ला अदालतबाट प्रतिवादीका नाममा जारी भएको इतलायनामा

मुद्दा नं: ०८१-८४-००९६ ; १२८ मुद्दा : चेक अनादर फाँट : सामान्य ५ ख

१. जिल्ला कपिलवस्तु, शिवराज नगरपालिका वडा नं. ०५ मौजा चन्दौटा बजार ससस्त्र चेक प्याइन्ट वस्ने आशिष कोपड स्टोर्सको प्रोपराइटर मोतीराम सिग्देलको छोरा अं वर्ष ३९ को मधु सिग्देलका नाउँमा जारी भएको २१ (एकाइस) दिने इतलायनामा म्याद.....

उप्रान्त वादी शहेनशाह प्रतिवादी तपाईं भएको मुद्दा मिति २०८१।०५।२५ मा यस अदालतमा दायर भएकोमा तपाईंका नाउँमा यस अदालतबाट जारी भएको इतलायनामा म्याद बेपत्ते व्यहोराले तामेल भई आएकोले यस अदालतको मिति २०८२।०१।३० गतेको आदेशानुसार तपाईंका नाउँको यो २१ (एकाइस) दिने इतलायनामा म्याद पत्रिकामा प्रकाशित गरिएको छ। यो म्याद/सूचना प्रकाशन भएको मितिले बाटाको म्याद बाहेक २१ (एकाइस) दिन भित्र आँफै वा कानून बमोजिको प्रतिनिधी मार्फत आफ्नो भएको सबुत प्रमाण सहित प्रतिउत्तर फिराउन यस अदालतमा आउनु होला । म्यादभित्र उपस्थित नभई गुजारी बसे मुद्दा कानून बमोजिम हुनेछ। पछि तपाईंको चुप बाजुर लाग्ने छैन।

इति संवत् २०८२ साल जेठ महिना ५ गते रोज २ शुभम् .....